नेपाल दूरसंचार प्राधिकरण

कमलादी, काठमाडौं

# सूचना प्रविधि प्रयोगशाला
# स्थापना तथा व्यवस्थापन कार्यविधि, २०७५

२०७५ मंसीर

# सूचना प्रविधि प्रयोगशाला स्थापना तथा व्यवस्थापन कार्यविधि, २०७५

**प्रस्तावनाः** सूचना तथा संचार प्रविधिको अधिकतम प्रयोग गरी सामुदायिक विद्यालयमा गरिने शिक्षण विधिलाई गुणस्तरीय एवं प्रतिस्पर्धी बनाउन सूचना प्रविधि प्रयोगशाला स्थापना गरी सामुदायिक विद्यालयहरुलाई सूचना प्रविधि मैत्री बनाउने उद्देश्य प्राप्तिका लागि सूचना प्रविधि प्रयोगशाला स्थापना तथा व्यवस्थापन गर्न आवश्यक भएकोले नेपाल सरकारको नीतिगत निर्देशन बमोजिम नेपाल दूरसंचार प्राधिकरणको वार्षिक कार्यक्रम र बजेट कार्यान्वयन गर्न यो कार्यविधि निर्माण गरी लागू गरिएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सूचना प्रविधि प्रयोगशाला स्थापना तथा व्यवस्थापन कार्यविधि,२०७५" रहेको छ।

(२) यो कार्यविधि संचार तथा सूचना प्रविधि मन्त्रालयवाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "मन्त्रालय" भन्नाले संचार तथा सूचना प्रविधि मन्त्रालय सम्झनुपर्छ ।

(ख) "प्राधिकरण" भन्नाले नेपाल दूरसंचार प्राधिकरण सम्झनुपर्छ ।

(ग) "विद्यालय" भन्नाले सामुदायिक माध्यमिक विद्यालय सम्झनुपर्छ ।

(घ) "समिति" भन्नाले निर्देशक समिति सम्झनुपर्छ ।

(ङ) "कार्यक्रम" भन्नाले सूचना प्रविधि प्रयोगशाला बनाउनको लागि सञ्चालित सूचना प्रविधि प्रयोगशाला स्थापना तथा व्यवस्थापन कार्यक्रम सम्झनुपर्छ ।

३. **कार्यक्रम सञ्चालनका आधारहरुः** सूचना प्रविधि प्रयोगशाला बनाउन सञ्चालित कार्यक्रमका आधारहरु देहाय बमोजिम हुनेछन् ।

क) सामुदायिक विद्यालयमा सूचना प्रविधिको पहुँच अभिवृद्धि गरी सूचना प्रविधिको प्रयोगमा भएको विभेद (Digital Divide) लाई न्यूनिकरण गर्ने ।

ख) सूचना प्रविधिको प्रयोग गरी सुविधा सम्पन्न विद्यालयमा गरिने शिक्षण विधिलाई सामुदायिक विद्यालयसम्म पुऱ्याउने ।

ग) सूचना प्रविधिको प्रयोग गरी सुविधा सम्पन्न विद्यालय र स्थानीयस्तरका सामुदायिक विद्यालय बीच शैक्षिक गुणस्तरमा रहेको अन्तरलाई न्यूनिकरण गर्ने ।

घ) प्रतिस्पर्धी दक्ष जनशक्ति उत्पादन गरी देश विकासमा सकारात्मक भूमिका खेल्ने।

ङ) ग्रामिण तथा दुर्गम क्षेत्रका सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीहरु र शहरी क्षेत्रका निजी विद्यालयमा पढ्ने विद्यार्थी बीच विभेद कम हुने।

च) सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढाउने।

## परिच्छेद – २

## सूचना प्रविधि प्रयोगशालाको स्थापना तथा व्यवस्थापन सम्वन्धी व्यवस्था

**४. निर्देशक समितिको गठनः** विद्यालयहरुलाई सूचना प्रविधिमैत्री बनाई सफलतापूर्वक कार्यान्वयन गर्न आवश्यक अध्ययन ,अनुसन्धान तथा परामर्श, अनुगमन तथा निर्देशनको लागि देहाय बमोजिमको निर्देशक समिति गठन गरिनेछ र आवश्यकतानुसार समितिले विज्ञ प्रतिनिधिलाई आमन्त्रितको रुपमा बोलाउन सक्नेछ।

(क) सह-सचिव, सूचना प्रविधि महाशाखा, संचार तथा सूचना प्रविधि मन्त्रालय - संयोजक

(ख) प्रतिनिधि, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (रा. प्र. प्रथम श्रेणी) - सदस्य

(ग) निर्देशक, सूचना प्रविधि विभाग, नेपाल दूरसंचार प्राधिकरण - सदस्य

(घ) उपसचिव, सूचना प्रविधि कार्यान्वयन तथा समन्वय शाखा, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - सदस्य

(ङ) प्रतिनिधि दूरसञ्चार सेवा प्रदायकहरु (NCELL, Smart Telecom आदि) - सदस्य

(च) प्रतिनिधि इन्टरनेटसेवा प्रदायकहरु (ISPAN, World link, SUBISU, VIANET, Mercantile आदि) - सदस्य

(छ) प्रतिनिधि Mobile Phone Importer Association, CAN Federation आदि - सदस्य

(ज) उप-निर्देशक, प्रविधि अनुसन्धान शाखा, नेपाल दूरसंचार प्राधिकरण - सदस्य-सचिव

बुँदा नं. (ङ), (च) र (छ) का प्रतिनिधिहरु सम्बन्धित संघ/संस्था सम्मिलित कार्यक्रम कार्यान्वयको अवस्थामा मात्र सहभागि हुनुपर्नेछ।

निर्देशक समितिको बैठक संयोजकको निर्देशनमा तोकिएको समय र स्थानमा सदस्य सचिवले बोलाउने छ र उक्त समितिलाई प्राधिकरणले नियमानुसार बैठक भत्ता उपलब्ध गराइनेछ ।

५. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः-** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

क) यस कार्यविधिमा तोकिएका मापदण्ड र आधारहरुको सिमाभित्र रही सम्बन्धित स्थानीय निकायसँगको समन्वयमा कार्यक्रम लागू गरिने विद्यालय छनौट गरी अन्तिम स्वीकृतिको लागि प्राधिकरणमा पेश गर्ने ।

ख) सूचना प्रविधि प्रयोगशालाको लागि आवश्यक उपकरणहरू, यसको स्पेसिफिकेशन र अनुमानित लागत तयार गरी स्वीकृतिको लागि प्राधिकरणमा पेश गर्ने ।

ग) कार्यक्रम कार्यान्वयन निकायसँग समन्वयकारी भूमिका निर्वाह गर्ने ।

घ) निजी क्षेत्रका संघसंस्थाहरुसँग समन्वय गरी उनीहरुलाई पनि यस कार्यक्रममा सक्रिय सहभागिता गराउने।

ङ) निजीक्षेत्र सम्मिलित कार्यक्रमहरुमा समेत एकरुपताका लागि आवश्यक समन्वय तथा सहजीकरण गर्ने।

च) कार्यक्रमको सफल कार्यन्वयनको लागि आवश्यक राय, सुझाव सहित प्राधिकरणमा प्रतिवेदन पेश गर्ने ।

६. **प्राधिकरणको काम, कर्तव्य र अधिकारः-** कार्यक्रम कार्यान्वयनमा प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) निर्देशक समितिवाट सिफारिस भएका प्रयोगशाला स्थापना हुने विद्यालयहरु स्वीकृत गर्ने ।

ख) सूचना प्रविधि प्रयोगशालाको लागि आवश्यक उपकरणहरू, यसको स्पेसिफिकेसन र अनुमानित लागत स्वीकृत गर्ने।

ग) स्वीकृत मापदण्ड भित्र रही कार्यक्रमका लागि तोकिएका उपकरण तथा सफ्टवेयर खरिद सम्बन्धी कार्य गर्ने ।

घ) कार्यक्रम सञ्चालनको लागि तोकिएका हार्डवेयर तथा सफ्टवेयर सम्बन्धित विद्यालयसम्म पुर्‍याई सेटअप, जडान तथा नेटवर्किङको व्यवस्था गर्ने ।

ङ) प्रशिक्षक प्रशिक्षण (TOT) सञ्चालन गर्ने।

च) क्षमता अभिवृद्धि सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्ने ।

छ) शिक्षण विधिलाई प्रभावकारी बनाउन विकास गरिएका डिजिटल शिक्षण सामग्रीहरु उपलब्ध गराउने ।

ज) प्रभावकारी रूपमा कार्यक्रम लागू भए/नभएको नियमित अनुगमन तथा मूल्यांकन गर्ने ।

झ) समितिवाट नियमित रुपमा कार्यक्रमको प्रगति प्रतिवेदन लिई उक्त कार्यक्रमको सफल कार्यन्वयन गर्न आवश्यक कार्य गर्ने ।

७. **स्थानीय तहको काम, कर्तव्य र अधिकारः-** कार्यक्रम कार्यान्वयनमा स्थानीय तहको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

क) विद्यालयलाई चाहिने आवश्यक दक्ष जनशक्तिको व्यवस्थापन र अन्य भौतिक पूर्वाधार, सुरक्षा तथा मर्मत सम्भार एवं आवश्यक भएमा थप उपकरणको व्यवस्था गर्न सम्बन्धित विद्यालयलाई साधन श्रोत उपलब्ध गराउने ।

ख) कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन भए/नभएको सम्बन्धमा नियमित अनुगमन तथा निरिक्षण गर्ने गरी प्राधिकरण मार्फत निर्देशक समितिलाई जानकारी गराउने ।

ग) कार्यक्रम लागू गरिएको विद्यालयको भौतिक सुरक्षाको व्यवस्था मिलाउने ।

८. **विद्यालयको काम, कर्तव्य र अधिकारः-** कार्यक्रम कार्यान्वयनमा विद्यालयको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

क) विद्यालयलाई सूचना प्रविधि मैत्री बनाउनको लागि आवश्यक भौतिक पूर्वाधारहरुको व्यवस्था गर्ने ।

ख) कार्यक्रम लागू भैसकेपछि सोको प्रभावकारीरुपमा व्यवस्थापन तथा सञ्चालन गर्ने ।

ग) प्रयोगशाला सञ्चालनको लागि उपयुक्त कोठाको व्यवस्था गर्ने ।

घ) प्रयोगशालाको लागि आवश्यक फर्निचर, फर्निसिङ लगायतका भौतिक पूर्वाधारको व्यवस्थापन गर्ने ।

ङ) कार्यक्रम सञ्चालनको लागि आवश्यक दक्ष जनशक्तिको व्यवस्था गर्ने ।

च) कार्यक्रमको प्रभावकारी रुपमा व्यवस्थापन तथा सञ्चालन गर्ने ।

छ) शिक्षण विधिमा कार्यक्रमको लागि सेटअप गरिएका उपकरणहरुको अधिकतम प्रयोग गर्ने

ञ) कम्प्यूटर शिक्षाका प्रयोगात्मक विषयवस्तुहरुको लागि कम्प्यूटर प्रयोगशालाको प्रयोग गर्ने।

झ) यस कार्यक्रमको लागि उपलव्ध गराईएका उपकरणहरुको मर्मत सम्भार, सुरक्षा, संरक्षण एवं आवश्यक भएमा थप उपकरणको व्यवस्था गर्ने ।

ञ) सूचना प्रविधि प्रयोगशालाको व्यवस्थापनको लागि सम्पर्क व्यक्ति (Focal Person) तोक्ने र सोको जानकारी प्राधिकरणलाई गराउने ।

ट) नियमित रुपमा प्राधिकरण र सम्बन्धित स्थानीय तहलाई कार्यक्रमको प्रगति प्रतिवेदन पेश गर्ने ।

ठ) कार्यक्रमको लागि सेटअप गरिएका उपकरणहरु र उपलव्ध गराईएका Teaching Audio-Visual Materials लगायतका डिजिटल शिक्षण सामग्रीको अधिकतम प्रयोग गर्ने ।

ड) नेपाल सरकार, मन्त्रालय, सूचना प्रविधि विभाग, प्राधिकरणले प्रयोगशालाको व्यवस्थापन सम्बन्धी समय-समयमा दिएका निर्देशनको पालना गर्ने।

## परिच्छेद – ३

## सूचना प्रविधि प्रयोगशालाका विद्यालय छनौट सम्बन्धी व्यवस्था

९. **विद्यालय छनौटका आधार :** सूचना प्रविधि प्रयोगशाला स्थापना गरी सञ्चालन गर्नको लागि देहायको आधारमा विद्यालयहरु छनौट गरिनेछ ।

क) छनौट हुने विद्यालय सामुदायिक माध्यमिक तहको विद्यालय हुनुपर्नेछ ।

ख) सुरक्षित पक्की भवन, फर्निचर लगायतका भौतिक पूर्वाधारहरुको राम्रो व्यवस्था भएको हुनुपर्नेछ वा हुने प्रतिवद्धता हुनुपर्नेछ।

ग) सकेसम्म विद्युत आपुर्ति भएको हुनुपर्नेछ ।

घ) सूचना प्रविधि सम्बन्धी दक्ष जनशक्ति (विज्ञान विषयमा कम्तिमा १२ कक्षा उत्तीर्ण गरी कम्तिमा ३ महिनाको कम्प्युटर विषयमा तालिम लिएको वा कम्प्युटर विज्ञानमा कम्तिमा १२ कक्षा वा सो सरहको अध्ययन गरेको) को व्यवस्था भएको हुनुपर्नेछ वा गराउने प्रतिवद्धता प्राप्त भएको हुनुपर्नेछ ।

ङ) प्रयोगशाला स्थापना भइसकेपछि सोको सफल कार्यान्वयन तथा दिगोपनाको लागि आवश्यक श्रोतको व्यवस्था गर्न सक्ने र अपनत्वको साथ कार्यक्रमको व्यवस्थापन तथा सञ्चालन गर्न विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धता पत्र रहेको हुनुपर्नेछ।

च) कम्प्युटर विषय अध्ययन/अध्यापन गरिरहेको वा गर्ने प्रतिवद्धता पत्र रहेको हुनुपर्नेछ।

छ) विद्यार्थी संख्या धेरै रहेको र कम्प्युटर प्रयोगशाला नभएको विद्यालहरुयलाई प्राथमिकता दिइनेछ ।

ज) विभिन्न कारणले पिछडिएको वर्ग/समुदाय अध्ययन गर्ने विद्यालयलाई विशेष प्राथमिकता दिइनेछ।

झ) सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश र २ नं. प्रदेशका जिल्लाहरु तथा दाङ, बाँके, बर्दिया, कपिलवस्तु, नवलपरासी (वर्दघाट पूर्व), नवलपरासी (वर्दघाट पश्चिम) र सुनसरी जिल्लाहरुमा प्रतिनिधिसभा प्रति निर्वाचन क्षेत्रमा कम्तिमा ६ वटा र अन्य जिल्लाहरुको हकमा प्रतिनिधिसभा प्रति निर्वाचन क्षेत्रमा कम्तिमा ४ वटाका दरले सामुदायिक विद्यालयहरु छनौट हुनुपर्ने।

१०. **सूचना प्रविधि प्रयोगशालाको आकार निर्धारण गर्ने व्यवस्था** : प्रयोगशालामा प्रयोग हुने कम्प्युटरको संख्या सम्बन्धित विद्यालयमा माध्यामिक तह (कक्षा ८, ९ र १०, ११, १२) मा अध्ययनरत आधिकारिक विद्यार्थीहरुको औसत संख्याका आधारमा निम्नानुसार निर्धारण गर्नुपर्नेछ ।

| विधार्थी संख्या | १० वा सो भन्दा कम | ११ देखि १५ | १६ देखि २० | २० भन्दा माथि |
|---|---|---|---|---|
| कम्प्युटर संख्या | १० | १५ | २० | २४ |

११. **सूचना प्रकाशन गर्नुपर्ने** : प्राधिकरणले सूचना प्रविधि प्रयोगशाला कार्यक्रम लागू गर्नको लागि दफा ९ मा उल्लेखित मापदण्डहरु पूरा गर्ने विद्यालयहरुसँग प्रस्ताव माग गर्न राष्ट्रिय दैनिक पत्रिकामा १५ दिनको समय दिई सूचना प्रकाशन गर्नुपर्नेछ ।

१२. **विद्यालय छनौट गर्नुपर्ने** : निर्देशक समितिले सामुदायिक विद्यालयहरुबाट प्राप्त प्रस्तावहरुको अध्ययन गरी तोकिएको मापदण्ड पूरा गर्ने सामुदायिक विद्यालयहरुमध्येबाट आवश्यक

संख्यामा विद्यालय छनोट गरी छनोट भएका विद्यालयको सूची (प्रतिक्षा सूची समेत) ~~१५ दिनभित्र~~ प्राधिकरणमा पेश गर्नेछ ।

१३. छनोटको सूची : छनोट भएका विद्यालयहरुको सूची राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित गर्नुपर्नेछ। सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र छनोट भएका विद्यालयहरुले प्राधिकरणमा सिधै वा इमेल वा फयाक्स वा आधिकारीक व्यक्ति (व्यवस्थापन समितिको अध्यक्ष वा प्रधानाध्यापक) को मोवाइलबाट SMS गरी सम्पर्क गर्नुपर्नेछ। तोकिएको समयभित्र सम्पर्क नगर्ने विद्यालय छनोट सूचीबाट स्वतः हटी प्रतिक्षासूचीको वर्णाक्रमानुसारको विद्यालय स्वतः छनोट हुनेछ।

## परिच्छेद – ४

## सूचना प्रविधि प्रयोगशालाको लागि आवश्यक उपकरणहरु सम्वन्धी व्यबस्था

१४. सामाग्रीहरुको सेट अप गर्नुपर्ने : प्राधिकरणले छनौट भएका सामुदायिक विद्यालयहरुमा सूचना प्रविधि प्रयोगशाला स्थापनाको लागि देहाय वमोजिमका सामग्रीहरु सेटअप गर्नुपर्नेछ।

क) डिजिटल प्रयोगशाला (Computer Lab)

ख) नेटवर्किङ / ईन्टरनेट (Power Cabling समेत)

१५. डिजिटल प्रयोगशाला सम्वन्धी व्यवस्था : माध्यमिक वा सो भन्दा माथिको तहमा पढाईने कम्प्यूटर शिक्षा तथा डिजिटल शिक्षण सामग्रीको माध्यमबाट गरिने सबै विषयहरुको शिक्षणको लागि कम्प्युटर प्रयोगशालाको प्रयोग गरिने छ । प्राधिकरणले प्रत्येक विद्यालयमा सूचना तथा संचार प्रविधिका सम्पूर्ण पूर्वाधार हुने गरी निम्न उपकरणहरु सहितको कम्तिमा एउटा Fully Equipped कम्प्यूटर प्रयोगशाला तयार गर्नुपर्नेछ ।

| | | |
|---|---|---|
| क) | डेस्कटप कम्प्यूटर | - दफा १० अनुसार |
| ख) | कम्पयुटर हार्डडिस्क (External) | - २ वटा |
| ग) | प्रोजेक्टर (पर्दा सहित) | - १ वटा |
| घ) | मल्टिफङ्शन प्रिन्ट/कपि/स्क्यान | - १ वटा |
| ङ) | साउण्ड सिस्टम | - १ वटा |
| च) | ~~५~~ KVA UPS | - १ वटा |

| | | | |
|---|---|---|---|
| छ) | ~~ब्याट्रि (२४०AH)~~ | - | ~~४ वटा~~ |
| ज) | अन्य आवश्यक उपकरणहरु | | |

१६. **नेटवर्किङ / ईन्टरनेट (Power Cabling समेत) सम्वन्धी व्यबस्था** : कम्प्यूटर ल्यावका कम्प्यूटरहरुमा इन्टरनेट जडान गरी ल्याब संचालन गर्न र सबै उपकरणहरुलाई विद्युत आपूर्तीको व्यवस्था मिलाउन प्राधिकरणले देहाय वमोजिमका उपकरणहरु प्रयोग गरी Power Cabling सहितको कम्प्यूटर नेटवर्किङ गर्नुपर्नेछ।

| | | | |
|---|---|---|---|
| क) | 12U Switch Rack | - | १ वटा |
| ख) | Router | - | १ वटा |
| ग) | Switch (32/48 Port) | - | १ वटा |
| घ) | Patch Panel (32/48 Port) | - | २ वटा |
| ङ) | Cat 6 Patch Cord (0.5m) | - | ४० वटा |
| च) | Power Distribution Unit | - | १ वटा |
| छ) | Cat 6 Network Cable | - | आवश्यकता अनुसार |
| ज) | Electrical Cable | - | आवश्यकता अनुसार |

१७. **सोलार** पावर सम्वन्धी व्यवस्था : विद्युत नपुगेको र यो कार्यक्रम सम्पन्न हुँदासम्म समेत नपुग्ने भएमा प्रयोगशाला सञ्चालनको लागि बुँदा नं. १५ को (ङ) र (च) मा उल्लेख भएका उपकरणहरुको सट्टामा Solar Power को व्यवस्था गर्नुपर्नेछ।

## परिच्छेद – ५

## विविध

१८. तालीम प्रदान गर्नुपर्ने : प्राधिकरणले सूचना प्रविधि प्रयोगशाला स्थापनाको लागि उपकरणहरुको सेटअप गरिसकेपछि कार्यक्रमको व्यवस्थापन तथा सञ्चालनको लागि सम्बन्धित प्राविधिक जनशक्ति तथा शिक्षकहरुलाई आवश्यक तालीम प्रदान गर्नुपर्नेछ।

१९. हस्तान्तरण गर्नुपर्नेः- प्राधिकरणले सूचना प्रविधि प्रयोगशाला स्थापना भैसकेपछि सम्बन्धित विद्यालयलाई कार्यक्रमको व्यवस्थापन तथा सञ्चालनको सम्पूर्ण जिम्मेवारी लिने गरी हस्तान्तरण गर्नुपर्नेछ।

२०. **अनुगमन** तथा मूल्यांकनः- प्राधिकरणले सूचना प्रविधि प्रयोगशाला स्थापना गरी कार्यक्रमको व्यवस्थापन तथा सञ्चालन गर्न हस्तान्तरण गरिसकेपछि सम्बन्धित विद्यालयले यस कार्यविधि बमोजिम कार्य गरे नगरेको सम्बन्धमा समय समयमा अनुगमन तथा मूल्यांकन गर्नुपर्नेछ।

२१. **खारेजी** सम्बन्धी व्यवस्थाः विद्यालय छनोट भएतापनि, छनोट प्रक्रियामा झुट्टा विवरण पेश गरेको ठहरेमा वा निर्देशन पालना नगरेमा प्राधिकरणले सम्बन्धित विद्यालयको कार्यक्रम खारेज सम्म गर्न सक्नेछ।

२२. **प्रयोगशाला**को नाम सम्बन्धी व्यवस्थाः प्रयोगशालाको नाम राख्दा "नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र दूरसञ्चार प्राधिकरण सँगको सहकार्य" मा भन्ने वाक्य र लोगो उल्लेख हुनेछ। निजीक्षेत्रको समेत सहभागितामा बनेका प्रयोगशालाहरुको हकमा उक्त वाक्यांश उल्लेख गरी आफ्नो संस्थाको नाम र लोगो समेत प्रयोग गर्न सक्नेछन्।

२३. **कार्यविधिको** व्याख्या गर्न सक्ने : यस कार्यविधिको कार्यान्वयनमा देखिएका समस्या वा द्विविधाका सम्वन्धमा निर्देशक समितिले व्याख्या गरी समाधान गर्न सक्नेछ ।

२४. **संशोधन** सम्वन्धी व्यवस्थाः- संचार तथा सूचना प्रविधि मन्त्रालयवाट आवश्यकता अनुसार कार्यविधि संशोधन गर्न सक्नेछ ।

NEPAL TELECOMMUNICATIONS AUTHORITY